# रघुगंगा हाइड्रोपावर लिमिटेड

## राहुघाट जलविद्युत आयोजना

**बोलपत्र नं . RGHPL-NCB-SG-2082/083-01(RE1) (सुरक्षा गार्ड आपूर्ति सम्बन्धी)**

# बोलपत्र

तेस्रो **पटक बोलपत्र सूचना प्रकाशित मिति** : २०८३/०५/१६ गते

**बोलपत्र दाखिला गर्ने अन्तिम मिति** : २०८३/०५/२३ गते मध्यान्ह १२:०० बजेसम्म

**बोलपत्र खोल्ने मिति** : २०८३/०५/२३ दिन दिउँसो १४:०० बजे

**बोलपत्रदाताको नाम र ठेगाना** : रघुगंगा हाइड्रोपावर लिमिटेड, म्याग्दी पिप्ले ।

बोलपत्रको हार्डकपी दर्ता स्थान : रघुगंगा हाइड्रोपावर लिमिटेड, सम्पर्क कार्यालय, कमलादी, काठमाण्डौं ।

२०८३ भदौ

# सुरक्षा सेवा आपूर्तिको लागि बोलपत्र

रघुगंगा हाइड्रोपावर लिमिटेड अर्न्तगत निर्माणाधिन राहुघाट जलविद्युत आयोजनको म्याग्दी पिप्ले स्थित कार्यालय, ड्याम्प, आडित ३, पावरहाउस र आवश्यकता अनुसार स्थानमा खटाउन सक्नेछ । यो बोलपत्रमा उल्लेख भए अनुसार प्राविधिक स्पेसिफिकेशन र **Bill of Quantities** अनुसार गराउनुपर्ने भएकोले त्यस्ता कामदार आपूर्ति गर्नका लागि नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक हार्डकपी बोलपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ ।

शर्तहरुः

१. रघुगंगा हाइड्रोपावर लिमिटेड, सम्पर्क कार्यालय, काठमाण्डौं, कमलादीबाट बोलपत्रको हाडकपी लिनु पर्नेछ । बोलपत्र फाराम दस्तुर लाग्ने छैन ।

२. सिलबन्दी बोलपत्र फाराम तल उल्लेखित मिति भित्र (सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउंसो १२:०० बजे भित्रमा रघुगंगा हाइड्रोपावर लिमिटेड, सम्पर्क कार्यालय, काठमाण्डौं, कमलादी (दर्ता) गर्नु पर्नेछ । रीतपूर्वक दर्ता भएको सिलबन्दी बोलपत्रहरु सोही दिन दिनको १४:०० बजे सम्बन्धित बोलपत्रदाताहरुको रोहवरमा (उपस्थित नभए पनि) *रघुगंगा हाइड्रोपावर लिमिटेड, सम्पर्क कार्यालय, कमलादी काठमाण्डौं, मा खोलिनेछ ।*

३. बोलपत्र फाराम साथ जमानत बापत (बिडवण्ड) रु २,००,००० (दुई लाख ) को Everest Bank Limited Teku, Kathmandu शाखा कार्यालय रघुगंगा हाइड्रोपावर लिमिटेड कार्यालयको नाममा रहेको धरौटी खाता नं. 01000105200845 जम्मा गरेको बैंक भौचरको प्रति वा सो बराबरको नेपाल स्थित कुनै वाणिज्य बैंकबाट बोलपत्र आव्हान गर्ने कार्यालयको नाममा जारी भएको बोलपत्र खोल्ने मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको विना शर्तको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

४. बोलपत्रदाताले कबोल गरेको इकाई दररेट तथा कूल रकम, अंक र अक्षरमा प्रष्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ । दररेटमा उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेट अनुसार हुने कुल रकम कायम हुनेछ ।

५. बोलपत्र फाराम आंशिक वा पूर्णरुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार रघुगंगा हाइड्रोपावर लिमिटेडमा सुरक्षित रहनेछ ।

६. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

७. बोलपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र तल उल्लेखित कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

रघुगंगा हाइड्रोपावर लिमिटेड
स्थापित: २०७३
RGHP LTD
Estd.: 2017
RAGHUGANGA HYDROPOWER LIMITED

८. सूचनामा उल्लेख नभएको कुराहरूको हकमा रघुगंगा हाइड्रोपावर लिमिटेड, आर्थिक प्रशासन विनियमावली २०७५, सार्बजनिक खरिद ऐन २०६३ (दोस्रो संसोधन) र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

रघुगंगा हाइड्रोपावर लिमिटेड
राहुघाट जलविद्युत आयोजना, सम्पर्क कार्यालय,
कमलादी, काठमाण्डौं ।
९८५१२१८००७, ९८४३६०९७३१

बोलपत्र पत्र नं. : **RGHPL-NCB-SG-2082/083-01 (RE1)**

कार्य विवरण : सुरक्षा सेवा उपलब्ध गराउने ।

तेस्रो पटक बोलपत्र सूचना प्रकाशित मिति: २०८३/०५/१६ गते

बोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०८३/०५/२३ गते मध्यान्ह १२:०० बजेसम्म

बोलपत्र खोल्ने मिति: २०८३/०५/२३ दिन दिउँसो १४:०० बजे

बोलपत्रको हार्डकपी दर्ता स्थान : रघुगंगा हाइड्रोपावर लिमिटेड, सम्पर्क कार्यालय, कमलादी काठमाण्डौं।

बोलपत्रदाताको नाम : ..............................................

बोलपत्रदाताको ठेगाना : ..............................................

टेलिफोन नं.. :

इमेल ठेगाना :

रघुगंगा हाइड्रोपावर लिमिटेड
राहुघाट जलविद्युत आयोजना

श्रीमान् प्रबन्ध संचालक ज्यू ,
रघुगंगा हाइड्रोपावर लिमिटेड
म्याग्दी पिप्ले ।

विषयः-बोलपत्र पेश गरेको ।

महोदय,

१. मैले/हामीले शिलवन्दी बोलपत्रसाथ उल्लेख भएको कार्य विवरणको शर्तहरु, परिमाणको मूल्यपत्र आदि कागजातहरु राम्रोसँग जाँच तथा अध्ययन गरेपछि म/हामी तल सहीछाप गर्नेले भ्याट सहित रु. ... ... ... (अक्षरेपी ... ... ... ... ... ... ... .... ... ... ... ... .) मा उल्लेखित शर्तहरु, परिमाणको मूल्य पत्र आदि अनुसार सम्पूर्ण कार्य पूरा गर्न मञ्जुरी जनाई यो प्रस्ताव पेश गरेको छु/गरेका छौं ।

२. मैले/हामीले प्रस्ताव दिने बारेको निर्देशन तथा शर्तहरुमा उल्लेखित सबै बुँदाहरु अध्ययन गरी निर्देशन तथा शर्तहरु र परिमाणका मूल्यपत्रको पालना गर्न मञ्जुर गर्नुका साथै सो अनुसार कार्यान्वियन हुनेछ भन्ने कुरा राम्रोसँग बुझेको छु/छौं ।

३. मेरो/हाम्रो प्रस्ताव स्वीकृत भएमा त्यस कार्यालयबाट दिइने बोलपत्र स्वीकृत भएको पत्र (Notification of Award) द्वारा निर्धारित समयमा तोकिएको परफरमेन्स बण्ड सहित ठेक्का सम्झौता गर्न उपस्थित हुनुको साथै सेवा करार सम्झौताका शर्तहरु निर्धारित समयमा सम्पन्न गर्नु पर्नेछ भन्ने कुरा बुझेको छु/छौं ।

४. यो प्रस्तावमा स्वीकृति जनाइएका विषयहरु सेवा करार सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

५. विना कारण जनाई वा नजनाई आंशिक वा पूरा प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा प्रस्तुत बोलपत्र रद्ध गर्ने सम्पूर्ण अधिकार त्यस कार्यालयलाई (रघुगंगा हाइड्रोपावर लिमिटेड) सुरक्षित रहेको कुरा मैले बुझेको छु/छौं ।

६. प्रस्तावमा उल्लेखित सम्पूर्ण शर्तहरु पालना गर्न म/हामी मन्जुर छु/छौं ।

प्रस्तावदाताको नाम (फर्म/संस्था/कम्पनी) :

स्थायी ठेगाना :

पत्राचार गर्ने ठेगाना :

फोन/फ्याक्स नं., पो.ब.नं. :

इमेल ठेगाना :

मोबाइल नंम्बर :

फर्मको छाप :

..........................
(आधिकारिक व्यक्तिको हस्ताक्षर)
नामः
दर्जा र मिति :

संस्था/फर्म/कम्पनीको छाप :

## सुरक्षा सेवा आपूर्ति गर्ने प्रस्तावः

प्रस्तावनाः रघुगंगा हाइड्रोपावर लिमिटेड अर्न्तगत निर्माणाधिन राहुघाट जलविद्युत आयोजनको म्याग्दी पिप्ले स्थित कार्यालय, ड्याम्प, आडित ३, पावरहाउसमा र आवश्यकता अनुसार स्थानहरुको भौतिक/अभौतिक चल अचल सम्पत्तिको सुरक्षा दिन विश्वासिलो, भरपर्दो, नियमित सरल एवम् सहज वातावरणमा गुणस्तरीय र विश्वासिलो सेवा लिन दिन सकियोस् भन्ने उदेश्य राखी माथी उल्लेखित स्थान तथा यसका संरचनाहरू मा सुरक्षा सम्बन्धी सेवा ठेक्काबाट आपूर्ति गर्न चाहने नेपाल सरकारबाट सुरक्षा सेवा प्रदान गर्न इजाजतपत्र प्राप्त गरेका सेवा प्रदायक संस्था/फर्म/कम्पनीहरुबाट बोलपत्र प्रस्ताव माग गरिएको छ ।

१. परिभाषाः

क) "लिमिटेड" भन्नाले रघुगंगा हाइड्रोपावर लिमिटेड सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले रघुगंगा हाइड्रोपावर लिमिटेड अर्न्तगत निर्माणाधिन राहुघाट जलविद्युत आयोजना सम्झनु पर्दछ ।

ग) "सुरक्षाकर्मी" भन्नाले प्रस्तावदाताले करार बमोजिमको सेवा आपूर्ति गर्न खटाइएका सुरक्षा दिने व्यक्तिलाई सम्झनु पर्दछ ।

घ) "सुरक्षा सेवा" भन्नाले रघुगंगा हाइड्रोपावर लिमिटेड अर्न्तगत निर्माणाधिन राहुघाट जलविद्युत आयोजनको म्याग्दी पिप्ले स्थित कार्यालय, ड्याम्प, आडित ३, पावरहाउसमा र आवश्यकता अनुसार स्थानहरुको भौतिक/अभौतिक चल अचल सम्पतिहरूको सुरक्षा जनाउने छ।

ङ) "ठेकेदार" भन्नाले प्रस्तुत बोलपत्र अनुसारको कार्य गर्न/गराउन मंजुर भै बोलपत्र पेश गरेको बोलपत्रदाताको प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भै कार्यालयबाट निजको प्रस्ताव स्वीकृत गरी सम्झौता भएको फर्म कम्पनि समेतलाई जनाउने छ ।

२. बोलपत्रको जमानत

बोलपत्रको प्रस्तावको फारामसाथ जमानत (विडवण्ड) बापत रु २,००,००० (अक्षेरुपी दुई लाख ) को Everest Bank Limited Teku, Kathmandu शाखा कार्यालय रघुगंगा हाइड्रोपावर लिमिटेड कार्यालयको नाममा रहेको धरौटी खाता नं. 01000105200845 मा जम्मा गरेको बैंक भौचरको प्रति वा सो बराबरको नेपाल स्थित कुनै वाणिज्य बैंकबाट बोलपत्र आव्हान गर्ने कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने/बोलपत्र खोलिने मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको बिना शर्तको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । प्रस्ताव स्वीकृत नभएको खण्डमा प्रस्तावदाताको विडवण्ड फिर्ता दिइनेछ । तर यस्तो विडवण्ड रकम प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले परफरमेन्स वण्ड जम्मा गरी सेवा करार सम्झौता गरेपछि मात्र विडवण्ड फिर्ता दिइनेछ ।

३. बोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरु र आवश्यक शर्तहरु :

क) बोलपत्र प्रस्ताव,

ख) परिमाणको इकाई दररेट,

ग) प्रस्ताव अनुसारको कार्यको लागि इजाजत प्राप्त संस्था, कम्पनी वा फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

घ) संस्था/कम्पनी/फर्मको आयकर दर्ताको स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ङ) २०८१।८२ को कर चुक्ता प्रमाण पत्र वा प्रक्रियामा रहेको प्प्रत्र ।

च) कालो सूचीमा दर्ता नभएको घोषणा पत्र ।

छ) प्रस्तावदाताले प्रतिनिधि तोकेको भए सोको अख्तियारनामाको सक्कल पत्र ।

ज) सामाजिक सुरक्षा कोषमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

झ) बिगत ३ बर्षमा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थामा कामदार आपूर्ति गरेको विवरण।

ञ) गत आ.व. २०७९।०८०, २०८०।०८१, २०८१।०८२) को Audited financial statement

ट) श्रम ईजाजत पत्र ।

ठ) सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संसोधन), रघुगंगा हाइड्रोपावर लिमिटेड, आर्थिक प्रशासन विनियमावली २०७५, र अन्य प्रचलित कानून बमोजिम हुनु पर्नेछ ।

३.१ सुरक्षा सेवामा कम्तिमा ५ वर्षको अनुभव भै विगत तीन वर्ष देखि सरकारी/अर्ध सरकारी वा अन्य निकायमा सुरक्षाकर्मी आपुर्ति गरिरहेको हुनुपर्नेछ।

४. प्रस्तावको तयारीः

प्रस्ताव र सो सम्बन्धी अन्य कागजातहरु स्पष्ट नभएमा रघुगंगा हाइड्रोपावर लिमिटेड, सम्पर्क, कमलादी काठमाडौं (जसलाई यस पछिका लिमिटेड कार्यालय भनी सम्वोधन गरिएको छ) बाट लिखित वा मौखिक जानकारी लिई प्रस्ताव दाखिला गर्न सकिनेछ ।

५. कार्य परिमाणको व्याख्याः

परिमाण र इकाई दररेट भन्नाले प्रस्तावमा अंकित परिमाण (आपूर्ति गरिने क्षेत्रगत कामदार संख्या) र सोको इकाई दरलाई बुझाउँछ । ठेकेदारले बोल कबोल गरेको प्रति कामदारको मासिक पारीश्रमिक दररेट कायम हुने गरी कामदार संख्या थपघट गर्न सकिनेछ। ठेकेदारले पुरा गरेको वास्तविक कार्य परिमाणको आधारमा नेपाली मुद्रामा चेक / Inter Bank Payment System (IPS) मात्र रकम भुक्तानी गरिनेछ । प्रस्तुत सेवा करार कार्यालयलाई आवश्यक नभएमा कम्तीमा एक महिनाको पूर्व जानकारी दिई करार अन्त्य गर्न सकिनेछ।

६. प्रस्ताव दाखिला गर्न लागेको खर्चः

प्रस्ताव तयार गरी दाखिला गर्न लागेको सम्पूर्ण खर्च प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

७. प्रस्तावमा भर्नेः

प्रस्तावदाताले कार्यालयबाट प्राप्त गरेको फाराममा लेखिए बमोजिमका सबै कुराहरु खुलाई प्रत्येक पानामा सही छाप गर्नु पर्दछ । प्रस्ताव फारामको साथ आवश्यक सबै कागजातहरु पेश गर्नुपर्नेछ । परिमाणको मूल्यपत्रमा निर्दिष्ट स्थानमा प्रति कामदारको मासिक पारीश्रमिक र कूल पारीश्रमिक रकम(अनुसूची ४) को ढाँचामा अंक तथा अक्षरमा प्रष्टसँग लेखिएको हुनुपर्दछ ) प्रस्ताव पेश गर्दा नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका सम्पूर्ण करहरु समावेश गरी नेपाली मुद्रामा भर्नुपर्नेछ ।

८. संयुक्त उपक्रम प्रस्तावदाताको सम्बन्धमाः

प्रस्तावदाताले सामूहिक रुपमा अन्य संस्था/फर्म/कम्पनीहरुसँग साझेदारी वा संयुक्त उपक्रममा ठेक्का गर्न खोजेको भए यस्तो प्रस्तावित संगठनको विस्तृत विवरण दिनुपर्नेछ ।यस्तो साझेदारी संस्था/फर्म/कम्पनी मध्ये कुन संस्था/फर्म/कम्पनीले नेतृत्वदायी भूमिका निर्वाह गर्ने हो र यस प्रस्तावका सम्वन्धमा दायित्वलाई के,कसरी , कति र कसले वहन गर्ने हो,सो समेत खुलाई सम्वन्धित सबै पक्षले प्रमाणित गरी पेश गर्नुपर्दछ र संझौताको प्रमाणित प्रतिलिपी साथै आफ्नो आधिकारिक प्रतिनिधिलाई दिएको अख्तियारमा पत्र (Power of Attorney) समावेश गरी पेश गर्नु पर्दछ।

९. बोलपत्रको प्रस्ताव मान्य हुने अवधि :

बोलपत्रको प्रस्तावको मान्य अवधि ९० दिनको हुनेछ । यस्तो अवधिको गणना बोलपत्र खोलेको मितिबाट प्रारम्भ हुनेछ । कार्यालयले दरभाउपत्र/बोलपत्र खोलेपछि दरभाउपत्र/बोलपत्र मान्य हुने अवधि बढाउनुपर्ने भएमा सोको कारण खुलाई आवश्यकतानुसार बोलपत्र मान्य हुने अवधि बढाउन सक्नेछ । यसरी बोलपत्रको अवधि बढाउँदाबोलपत्रदाताको मञ्जुरी लिइनेछ ।मन्जुरी नदिने बोलपत्रदाताको जमानत फिर्ता गरिने छ । बोलपत्रको मान्य हुने अवधि बढाउन मञ्जुर गर्ने बोलपत्रदाताले बोलपत्र जमानतको अवधि बोलपत्र मान्य हुने अवधि बढाए जत्तिकै अवधि बढाउनुपर्नेछ।

१०. कामदारको लागि आवश्यक न्यूनतम योग्यताः

सेवा करारमा लिनुपर्ने जनशक्तिको आवश्यक न्यूनतम योग्यता अनुसूचि १ मा समावेश रहेको छ ।

११. सुरक्षा सम्बन्धी सेवामा खटिने कामदारले गर्नुपर्ने कार्यहरुः

सेवा करारमा खटिने जनशक्तिको कार्य विवरण अनुसूचि २ मा समावेश रहेको छ ।

१२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्नको लागि मूख्य मूख्य शर्तहरुः

क) प्रस्तावदाता संस्था /फर्म /कम्पनी मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको हुनु पर्नेछ ।

ख) जमानत दाखिला गर्दा बोलपत्रदाताले कबुल गरेको अंकको पाँच प्रतिशतले हुन आउने रकम बराबरको कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ। उक्त रकम स्वीकृती पत्रमा उल्लेख गरे बमोजिमको बैंकमा जम्मा गरी सोको संक्कल भौचर वा रघुगंगा हाइड्रोपावर लिमिटेडको नाममा जारी गरिएको (सम्झौता अवधि समाप्त हुने मिति भन्दा कम्तीमा ३० दिन बढी अबधि भएको) शर्त रहित बैंक जमानीको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

ग)	करार रघुगंगा हाइड्रोपावर लिमिटेड बमोजिम गर्ने सुरक्षाकर्मिले आफूलाई तोकिएको काम कर्तव्य र अधिकार बाहेकका अन्य कार्यहरु गर्न पाइने छैन ।

घ)	सुरक्षाकर्मिहरुको कार्य सम्पादनका सम्बन्धमा नियमित रुपमा ठेकेदारले आफ्नो तर्फबाट अनुगमन गर्नु/गराउनु पर्नेछ र रघुगंगा हाइड्रोपावर लिमिटेडबाट समेत समय समयमा जानकारी लिनुपर्नेछ ।

ङ)	रघुगंगा हाइड्रोपावर लिमिटेडबाट गरिने अनुगमन तथा सुपरीवेक्षणको क्रममा कुनै सुरक्षाकर्मिबाट जानीजानी त्रुटीपूर्ण कार्य भएको पाइएमा त्यस्ता कामदारको गलत कार्यबाट पुग्न गएको क्षति, सुधार गराउने जिम्मेवारी तथा त्यस्तो त्रुटिपूर्ण कार्यबाट रघुगंगा हाइड्रोपावर लिमिटेडलाई भएको हानि नोक्सानीको क्षतिपूर्तिको दायित्व समेत सम्वन्धित ठेकेदारको नै हुनेछ ।

च)	आफूलाई तोकिएको जिम्मेवारी सम्पादन गर्ने सम्वन्धमा वा आफूलाई नतोकिएको जिम्मेवारी कुनै कामदारबाट जानीजानी त्रुटीपूर्ण कार्य गरेको पाइएमा पहिलो पटक क्षतिको मूल्याङ्कन अनुसार र दोश्रो पटक क्षतिको मूल्याङ्कनको दोव्बर रकम ठेकेदारबाट असुल उपर गरी सम्झौता समेत तोड्न सकिनेछ।

छ)	ठेकेदारबाट नियुक्त कामदारलाई नेपाल सरकारले समय समयमा तोकेको न्यूनतम वेतन भन्दा कम नहुने गरी पारिश्रमिक तथा प्रत्येक वर्ष १ महिनाको वेतन वरावरको चाडपर्व खर्च ठेकेदारले अनिवार्य रुपमा सम्वन्धित कामदारको बैंक खातामा उपलव्ध गराउनु पर्नेछ । यसरी न्यूनतम वेतन सम्वन्धित कामदारलाई उपलव्ध गराए/नगराएको विषयमा कार्यालयलाई सोको प्रमाणित कागजात मासिक रुपमा पेश गर्नु पर्नेछ ।

ज)	रघुगंगा हाइड्रोपावर लिमिटेड र यस अर्न्तगत राहुघाट जलविद्युत आयोजना काममा खटिएका कामदारको कामको शिलशिलामा कुनै किसिमको दुर्घटना भएमा समेत त्यस सम्बन्धी सम्पूर्ण जिम्मेवारी तथा जवाफदेहिता ठेकेदारको हुनेछ । त्यस्ता कामदारहरुको श्रम ऐनले तोकेबमोजिमको औषधी उपचार तथा दुर्घटना विमा ठेकेदार स्वयमले गर्नुपर्दछ ।

झ)	तोकिए बमोजिमको कार्यालयमा आएको र गएको समय जनिने गरी नियमित रुपमा ठेकेदारबाट नियुक्त कामदारहरुले हाजिर गर्नुपर्नेछ र सो को जानकारी कार्यालयमा गराउनु पर्नेछ ।साथै कार्यालयले समय/समयमा आवश्यक निरीक्षण गर्न सक्नेछ ।

ञ)	कार्यालयले तोके बमोजीमको स्थानमा संवन्धित ठेकेदारले सुरक्षाकर्मिहरुलाई काममा खटाउनु पर्नेछ । यसरी काममा खटाउदा श्रम ऐनले तोके बमोजीमको समयको परिधिभीत्र रही गर्नु /गराउनु पर्नेछ।

ट)	सुरक्षा सम्बन्धी सेवाको लागि आवश्यक सामानहरु जस्तै पोशाक, परिचय पत्र, रेनकोट, टर्च लाईट, गमबूट, व्याग, कलम, मसी, सवारी सुविधा(साईकल आदि), पञ्जा, सुरक्षा बेल्ट, खुकुरी तथा संचार उपकरणहरू आदिको व्यवस्था ठेकेदारले नै गर्नुपर्नेछ।

ठ)	सुरक्षा सम्बन्धी सेवामा खटिने कामदारहरूलाई तोकिएको सिफ्टमा बस्ने ठाउँको व्यवस्था कार्यालयले गर्नेछ ।

ड)	जिम्मेवारी प्राप्त गर्ने कामदारले आफूलाई सुम्पिएको कार्य राम्रो संग गरेको छैन भन्ने कार्यालयलाई लागेमा सोको लिखित सूचना सम्वन्धित ठेकेदारलाई दिइनेछ । त्यस्तो सूचना प्राप्त हुनासाथ ठेकेदारले कार्यालयको कार्यमा बाधा नपर्ने गरी अर्को उपयुक्त कामदार खटाउनु पर्नेछ ।

ढ)	काम विशेष वा अस्वस्थताका कारण कामदारले कार्य गर्न नसकेको अवस्थामा कार्यसम्पादनमा अवरोध नहुने तथा कार्यालयले तोकेको समयसीमा र जिम्मेवारीमा असर नपुग्ने गरी सेवा सुचारु गर्न अतिरिक्त



रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

सुरक्षाकर्मिको व्यवस्था ठेकेदारले नै गर्नुपर्नेछ । यसको लागि तोकिएको योग्यता, क्षमता, दक्षता र तालीम प्रदान गरी जगेडामा राखिएका सुरक्षाकर्मिको विवरण करार गर्दाको समयमा नै सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

ण) ठेकेदारबाट कुनै रकम असुल गर्नुपर्ने भएमा त्यस्तो रकम निजले पेश गरेको धरौटी र परफरमेन्स बण्डबाट असुल उपर गरी लिईने छ । त्यसबाट पनि नपुग हुने रकम सरकारी बांकी बक्यौता सरह असुल उपर गरि लिईने छ ।

त) कार्यालयका कर्मचारीको उपस्थितिमा बाहेक कार्यालय बन्द रहेको अवस्थामा अनुमति बिना कार्यालयको ढोका खोली कुनै कार्य गर्न पाइनेछैन ।

थ) कार्यालयले उपलव्ध गराएको अवस्थामा बाहेक सुरक्षाकर्मिले कार्यालयको कर्मचारीले प्रयोग गर्ने टेवल, मेच, उपकरण आदि प्रयोग गर्न पाउनेछैन ।

द) आफ्नो जिम्मामा रहेका उपकरण तथा सामग्री बाहेक कार्यालयको अनुमति वेगर कार्यालयको कुनै पनि मालसामान प्रयोग गर्न वा लैजान पाइने छैन । आफ्नो जिम्मामा रहेका उपकरण तथा सामग्रीहरु समेत कार्यालयको प्रयोजन बाहेक अन्य उपयोगमा ल्याउन पाइने छैन र त्यस्ता उपकरणहरुको सुरक्षा गर्ने जिम्मेवारी समेत सुरक्षाकर्मिको नै हुनेछ ।

ध) प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले सम्झौताको अवधि भित्र ठेकेदारको तर्फवाट नियुक्त सुरक्षाकर्मिहरुलाई रघुगंगा हाइड्रोपावर लिमिटेड र यस अन्र्तगत राहुघाट जलविद्युत आयोजना कार्य गरेकै आधारमा यसै कार्यालयमा काम गरि पाउन वा सुविधा र शर्तहरुको बृद्धिका सम्वन्धमा थुनछेक, धर्ना, हड्ताल वा कलम बन्द गर्न पाइने छैन र अग्रिम जानकारी नगराई वा कार्यालयको स्वीकृति नलिई कुनै पनि अवस्थामा आफ्नो जिम्मेवारी अनुसारको गर्दै आएको कार्य बन्द गर्न/गराउन पाइने छैन भन्ने व्यहोरा समेतको शर्त रहेको करारनामा (सेवा प्रदायक र सुरक्षाकर्मिवीच भएको) समेत पेश गर्नुपर्नेछ ।

न) प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले सम्झौता गर्दाको बखत सुरक्षाकर्मिको लागि प्रस्तावमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ ।

प) कार्यमा खटिने व्यक्ति (कामदार) को यस कार्यालयवाट तोकिएको फर्मेटमा फोटो र आवश्यक विवरणहरु (कार्यानुभव, तालिम सम्बिन्ध प्रमाणपत्र,नागरिकता तथा शैक्षिक प्रमाणपत्र) सहित प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ।

फ) संवन्धित कम्पनिले यस कार्यालयको कार्यमा खटाईने कामदारलाई संवन्धित कम्पनिको तर्फवाट कामदार परिचयपत्र जारी गर्नुपर्ने छ साथै रघुगंगा हाइड्रोपावर लिमिटेड र यस अन्र्तगत राहुघाट जलविद्युत आयोजनाको हातामा प्रवेश गर्न अस्थायी परिचय पत्र जारी गर्नुपर्ने भएमा संवन्धित कम्पनिको अनुरोधमा त्यस्तो अस्थायी परिचयपत्र जारी गरिनेछ।

ब) कामदारले प्रयोग गर्ने कार्यालयको चल अचल सम्पत्ति विगारेमा, नासेमा वा हानी नोक्सानी हुने कुनै कार्य गरेमा वा निजको जिम्मामा रहेका सम्पत्तिहरू नै हराई वेपत्ता पारेमा समेत त्यसको जिम्मेवारी ठेकेदारले नै लिनुपर्नेछ । ठेकेदारले सो वापतको रकम भुक्तानी नगरेमा निजलाई भुक्तानी गर्नु पर्ने रकम, रिटेन्सन मनी तथा परफरमेन्स बण्ड जफत गरी असुल गरिने छ साथै सोबाट समेत असुलउपर हुन नसकेको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।



रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

भ) मादक पदार्थ, लागू औषध जस्ता पदार्थ सेवन गरी कार्य गरेमा वा अन्य जिम्मेवारीको काम लापरवाहीपूर्ण ढंगले काम गर्दा उत्पन्न हुने हानी नोक्सानीको जिम्मेवारी ठेकेदारले नै लिनुपर्नेछ।

म) ठेकेदार कम्पनीवाट आपूर्ति गरीएको जनशक्ति रघुगंगा हाइड्रोपावर लिमिटेड र यस अर्न्तगत राहुघाट जलविद्युत आयोजना निगरानिमा रहनेछन् । ठेकेदारले एक जनालाई सम्पर्क व्यक्तिको रुपमा तोक्नु पर्नेछ।

१३. सुरक्षा सेवा उपलब्ध गराउने कम्पनी/ फर्मले गर्नुपर्ने कार्यहरु

(१) प्रत्येक सुरक्षाकर्मीलाई आवश्यक पर्ने खुकुरी लगायतका हातहतियार ,संचार साधन, लाठी, पोशाक, रेनकोट, टर्चलाईट, गमवुट, भांडा वर्तन लगेज तथा मसलन्द आदिको व्यवस्था वोलपत्रदाता स्वयंले गर्नुपर्ने छ ।

(२) कुनै सुरक्षाकर्मीले आफ्नो ड्यूटी राम्रोसंग गरेको छैन भन्ने कार्यालयलाई लागेमा, सोको जानकारी प्राप्त भएपछि ठेकेदार कम्पनीले तत्काल अर्को व्यवस्था गर्नु पर्नेछ ।

(३) काम विशेष र अस्वस्थताको कारणले पालो ( सिफ्ट ड्यूटी ) मा रहेको सुरक्षाकर्मी काममा आउन नसकेको अवस्थामा अर्को सुरक्षाकर्मीको व्यवस्था तत्काल गर्नु पर्नेछ ।

(४) सुरक्षाकर्मी सैनिक सेवा , प्रहरी सेवा बाट अवकाश प्राप्त वा नेपाल सरकारको मान्यताप्राप्त संस्थाबाट तालिम प्राप्त गरेको वा कुनै संस्थामा सो सम्बन्धी कार्य गरेको हुनु पर्नेछ । साथै सुरक्षाकर्मीको उमेर १८ वर्ष पुरा भएको र ५५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(५) सुरक्षाकर्मीहरुको नागरीकता, योग्यता र अनुभवको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(६) बोलपत्रदाता कम्पनिले एक जना गार्ड नाइकेको व्यवस्था गर्नुपर्नेछ र निजको योग्यता सुरक्षा सेवाबाट कम्तिमा नेपाली सेना, नेपाल प्रहरीको हवलदार वा सो भन्दा माथिल्लो पदबाट निबृत्त भएको हुनुपर्नेछ ।

(७) दिनको २४ घण्टालाई ८/८ घण्टा गरी ३ सिफ्ट गर्नु पर्नेछ ।

(८) ठेकेदारले आफ्नो सुरक्षाकर्मीहरुको सूची सहित कार्य तालिका वनाई रघुगंगा हाइड्रोपावर लिमिटेडमा पेश गर्नुपर्ने छ । यदि कुनै सुरक्षाकर्मीलाई वदली गर्नु परेमा त्यसको जानकारी यस कार्यालयमा ४८ घण्टा अगावै दिनुपर्ने छ । सुरक्षाकर्मी मध्ये कुनै विरामी परी अनुपस्थित भएमा सोको काम नरोकिने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ ।

(९) ड्यूटीमा रहंदा सुरक्षाकर्मीहरु अनिवार्यरुपमा युनिफर्ममा हुनुपर्ने छ र सो को व्यवस्था वोलपत्रदाता स्वयंमले गर्नुपर्ने छ ।

(१०) कामदारलाई श्रम ऐन, २०७४ ले तोके बमोजिमको पारिश्रमिक एवं सुविधाहरु उपलब्ध गराउनु पर्नेछ ।

१४. बोलपत्र प्रस्ताव दाखिला गर्नेः

बोलपत्र फारामको हार्डकपी रघुगंगा हाइड्रोपावर लिमिटेड, सम्पर्क कार्यालय, काठमाण्डौं, कमलादीमा मिति २०८३/०५/२३ गते दिउँसो १२:०० भित्र दाखिला/दर्ता गर्नु पर्नेछ ।

१५. प्रस्तावमा हुने भिन्नताको मूल्यांकनः

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

यदि परिमाणको मूल्य पत्रमा उल्लेखित कुनै कार्य (आइटम) को कूल रकम र सोही आइटमको कार्य परिमाणलाई कबुल गरेको इकाई दरले हिसाब गर्दा फरक पर्न गएमा इकाई दरले परिमाणलाई गुणा गर्दा आउने रकमलाई नै कबोल रकम मानी गणना गरिनेछ र प्रस्तावमा लेखिएको कुल कबोल रकम सोही बमोजिम संशोधन हुनेछ । रकम उल्लेख गर्दा प्रति कामदार मासिक ज्यालादर अंक र अक्षरमा लेखिएको हुनुपर्नेछ । इकाई दरको आधारमा मूल्यांकन गरी अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१६. सूचना पठाउने ठेगानाः

प्रस्तावदाताले प्रस्ताव साथ निजलाई पत्र व्यवहार गर्न सजिलो हुने ठेगाना (म.न.पा./न.पा./गा.वि.स., रोड नं., घर नं. आदि) लोकेशन स्केच सहित उल्लेख गर्नु पर्नेछ र सो ठेगानामा बुझाएको वा रजिष्टरी डाँकद्वारा पठाइएका पत्रहरु निज कहाँ समयमा नै पुगेको मानिने छ । साथै e-mail Address उल्लेख गरेकोमा सोही ठेगानामा Email गरेमा सो समेत निजको ठेगानामा पुगेको मानिनेछ ।

१७. प्रस्ताव अस्वीकृत हुनेः

निम्न कारणहरुबाट प्रस्ताव अस्वीकृत हुनेछः

क) माग गरिए अनुसारको बोलपत्र जमानत (रकम वा बैंक ग्यारेण्टी) प्रस्ताव साथ संलग्न नभएमा ।

ख) प्रस्ताव फाराम र सो साथ संलग्न परिमाणको मूल्यपत्र तथा अन्य निर्दिष्ट ठाउंमा प्रस्तावदाताको सहीछाप नभएमा ।

ग) बोलपत्र प्रस्ताव पेश गर्न अघिकार प्राप्त अधिकारीबाट प्राप्त अख्तियारनामा संलग्न नभएमा।

घ) एउटै प्रस्तावदाताले आफ्नो र अरुको नामबाट वा संयुक्त उपक्रम समेत एक भन्दा बढी प्रस्ताव दाखिला गरेमा ।

ङ) प्रस्तावदाताले प्रस्ताव साथ कुनै शर्त राख्न नपाउने हुंदा त्यस्तो शर्त उल्लेख गरी प्रस्ताव दाखिला हुन आएमा ।

च) तोकिएको मिति र समय भित्र प्रस्ताव दाखिला हुन नआएमा ।

छ) कामदारले पाउने सेवा सुविधाका सम्बन्धमा तपशिलमा उल्लेख गरिएका श्रम ऐन २०७४ को दफा ५८(३) ले तोके बमोजिम नभएमा

ज) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ का उपदफा (७ ख) बमोजिम स्वीकृत लागत अनुमानको तिस प्रतिशत भन्दा बढी घटेर कबुल गरेमा ।

| सि. नं | शिर्षक | गणनाको आधारमा श्रम ऐन २०७४ अनुसार |
|---|---|---|
| १ | आधारभूत पारिश्रमिक | नेपाल सरकारले तोके बमोजिम |
| २ | मंहगी भत्ता | नेपाल सरकारले तोके बमोजिम |
| ३ | चार्डपर्व खर्च | एक महिनाको बराबरको आधारभूत पारिश्रमिक (ऐनको दफा ३७) |



रघुगंगा हाइड्रोपावर लिमिटेड
स्थापित: २०७३
RGHP LTD
Estd.: 2017
RAGHUGANGA HYDROPOWER LIMITED

| | | |
|---|---|---|
| ४ | साप्ताहिक विदा | प्रत्यक हप्ता १ दिन( ऐनको दफा ४०) |
| ५ | सार्वजनिक विदा | वार्षिक १३ दिन महिलाको हकमा १४ दिन आधारभूत पारिश्रमिक सहित (ऐनको दफा ४१) |
| ६ | घर विदा | २० दिनको १ दिनको दरले १८ दिन आधारभूत पारिश्रमिक सहित (ऐनको दफा ४३) |
| ७ | बिरामी विदा | वार्षिक १२ दिन आधारभूत पारिश्रमिक सहित ऐनको दफा ४४) |
| ८ | सामाजिक सुरक्षा कोष संचयकोष उपदान सहित एक मुस्ट २०% | ऐनको दफा ५२/५३ |

ज) यस बोलपत्र कागजातमा अन्यत्र उल्लेख भएका अन्य सारभूत शर्तहरु पूरा नभएमा ।

१८ प्रस्ताव रद्ध गरिनेः प्रस्तावदाताले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रस्ताव दर्ता गर्न अवरोध खडा गरेमा वा प्रस्ताव स्वीकृत गर्न दवाव दिएमा निजको प्रस्ताव रद्ध गरिनेछ।

१९. करहरु व्यहोर्नेः

प्रस्तुत प्रस्ताव अनुसार सुरक्षकर्मि आपूर्तिको लागि लाग्ने करहरु निम्न अनुसार हुनेछ ।

क) मूल्य अभिबृद्धि कर (VAT)

कामदारलाई खटाएवापतको पारीश्रमिक तलव तथा वीमा सम्वन्धि भुक्तानी माग गर्दा नियमानुसार मु.अ.कर विल मार्फत कम्पनिले विलिङ्ग गर्नु पर्नेछ। उक्त रकममा लाग्ने मु.अ.कर सम्वन्धित ठेकेदारले नै सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्नेछ।

ख) श्रोतमा कर कट्टी (TDS):

ठेक्का विल रकमबाट नेपाल सरकारको नियमानुसार श्रोतमा कर कट्टी गरिने छ ।कार्यालयवाट सम्वन्धित सुरक्षाकर्मिलाई तलव भत्ता वितरण गर्दा लाग्ने पारश्रमीक कर सम्वन्धित कम्पनि बाटै नियमानुसार कट्टी गरी कार्यालयमा दाखिला गरिनेछ।

ग) अन्य करहरुः

माथि उल्लेखित करको अतिरिक्त प्रचलित ऐन, कानून अनुसार लाग्ने अन्य करहरु सबै ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

२०. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना :

प्रस्तावको मुल्यांकन भै सके पछि सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाताको प्रस्ताव स्वीकृतीको लागि छनौट गरी स्वीकृती गर्ने आशयको सूचना प्रकाशित गरिनेछ । चित्त नबुझ्ने बोलपत्र दाताले सूचनामा तोकिएको म्याद भित्रै पुनरावलोकनको लागी आवेदन गर्न सक्नेछन् । यसरी पुनरावलोकनका लागी आवेदन प्राप्त भएमा रहुगंगा हाइड्रोपावर लिमिटेडले सो उपर आवश्यक छानविन गरी आवश्यक निणर्य गर्नेछ ।

२१. बोलपत्र स्वीकृत भएको पत्र (Notification Of Award)

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापितः २०७३ RGHP LTD RAGHUGANGA HYDROPOWER LIMITED Estd.: 2017

सारभुत रूपमा प्रभावग्राही प्रस्तावदातालाई प्रस्ताव स्वीकृत पत्र (Notification Of Award) दिइने छ । यस पत्रमा सेवा करार सम्झौता गर्नको लागि परफरमेन्स वण्ड सहित कार्यालयले तोकेको समयावधि भित्रमा ठेक्का सम्झौता गर्न आउन जानकारी दिइनेछ र निर्धारित समयमा नआएमा विडवण्ड जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

२२. कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड):

जमानत दाखिला गर्दा बोलपत्रदाताले कबुल गरेको अंकको पाँच प्रतिशतले हुन आउने रकम बराबरको कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ। उक्त रकम स्वीकृती पत्रमा उल्लेख गरे बमोजिमको बैंकमा जम्मा गरी सोको संक्कल भौचर वा रघुगंगा हाइड्रोपावर लिमिटेडको नाममा जारी गरिएको (सम्झौता अवधि समाप्त हुने मिति भन्दा कम्तीमा ३० दिन बढी अबधि भएको) शर्त रहित बैंक जमानीको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

साथै नेपाल सरकारले समय समयमा न्यूनतम वेतन बृद्धि गरेको अवस्थामा ठेक्का रकम बृद्धि हुन गएमा सो वृद्धि भए अनुसारको थप कार्यसम्पादन जमानत पेश गर्नुपर्ने छ।

२३. प्रस्ताव स्वीकृतः

१. *सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ (बोलपत्र मूल्यांकन) को ७ को ७ (क) अनुसार आर्थिक प्रस्तावको मूल्यांकन गर्दा सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुले कबुल गरेको बोल अंकको औसत अंक यकिन गरी सो औसत अंकसंग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभूत रुपमा बढी नभएको बोलपत्र स्वीकृत गरिनेछ ।*

२ . कुनै कारण जनाई वा नजनाई प्राप्त प्रस्ताव सम्पूर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रघुगंगा हाइड्रोपावर लिमिटेडमा सुरक्षित रहने छ ।

२४. भुक्तानी सम्वन्धी व्यवस्था :

सम्पन्न कार्यको भुक्तानी गर्ने तरीका निम्न अनुसार हुनेछः-

क) करारमा उल्लेखित सुरक्षाकर्मिहरुको मासिक हाजिरी विवरण तथा सम्वन्धित सुरक्षाकर्मिले लगतै पहिलो महिनामा लिएको पारिश्रमिक विवरण संलग्न( यथाशम्भव; सुरक्षाकर्मिहरुको नाममा रहेको बैंक खातामा नगद जम्मा गरेको विवरण) गरी (भ्याट तथा चालु महिनाको बिल सहित) भुक्तानीको लागि निवेदन दिनुपर्नेछ । प्रत्येक महिना सुरक्षाकर्मिको पारिश्रमिक भुक्तानी गर्दा सुपरीवेक्षण गर्ने जिम्मेवारी प्राप्त रघुगंगा हाइड्रोपावर लिमिटेडका पदाधिकारीको सिफारिस तथा स्वीकृतीमा तोकिए अनुसार कम्पनिलाई भुक्तानी गरिनेछ । साथै सेवाप्रदायकले रकम प्राप्त गरिसकेपछि त्यसरी रकम भुक्तानी पाएको ७ दिन भित्र सम्वन्धित सुरक्षाकर्मिहरुको बैक खातामा दाखिला गरिदिनु पर्दछ ।

ख) चाडपर्व खर्चको हकमा करार सम्झौता भएको मितिले १ वर्ष पुरा भएपछि मात्र एकमुष्ट भुक्तानी गरिनेछ । चाडपर्व खर्च भुक्तानी गर्दा सुरक्षाकर्मीहरुले सेवा गरेको मिति देखि एकिन महिना, वर्ष खुलाई पेश गरे पश्चात गरिनेछ ।

ग) सामाजिक सुरक्षा कोष, संचयकोष र उपदान सहितको रकम मासिकरुपमा भुक्तानी गरिनेछ । औषधी उपचार र दुर्घटना विमा वापतको रकम सुरक्षाकर्मीहरुको विमा गरि विमालेखमा

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP Ltd Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

उल्लेख भए अनुसारको रकम विल विवरण सहित पेश गरे पश्चात बोलपत्रदाताले कबोल गरेको दर अनुसार एकमुष्ट भुक्तानी दिईनेछ ।

घ) विदा वापतको रकमको हकमा करार सम्झौता भएको मितिले १ वर्ष पुरा भएपछि ठेकेदारले कामदारलाई भुक्तानी गरेको प्रमाणित भपाई सहित पेश गरेपछि एकमुष्ट रकम सोधभर्नाको रुपमा भुक्तानी गरिनेछ । उक्त विदाको रेकर्ड सम्बन्धित कार्यालय प्रमुख र प्रशासन प्रमुखले प्रमाणित गरि पेश गरेको हुनु पर्नेछ ।

ङ) प्रसुती, प्रसुती स्याहार र किरिया विदा वापतको रकम त्यस्तो विदामा बस्ने कामदारहरुको आवश्यक प्रमाणित कागजात सहित सम्बन्धित कार्यालयबाट सिफारिश भई आएपछि कार्यालयले सोधभर्ना भुक्तानी गर्नेछ ।

च) भुक्तानी गर्दा विल रकमको ५ प्रतिशतले हुन आउने रकम सुरक्षण धरौटी वापत कट्टी गरिनेछ । यस्तो धरौटी रकम वारेन्टी अवधि समाप्त भए पछि र निजले सेवा दिएको आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गरेपछि निज ठेकेदारलाई फिर्ता दिइनेछ ।

छ) प्रचलित नेपाल कानून अनुसार ठेकेदारको प्रत्येक विलबाट श्रोतमा कर कट्टी (TDS) गरिनेछ ।

ज) यस सम्वन्धमा कार्यालयबाट गरिने भुक्तानी सम्वन्धित ठेकेदार कम्पनीको नाममा A/C Payee चेक वा Inter Bank Payment System (IPS) बाटमात्र गरिनेछ ।

झ) कार्यालयको सम्वन्धित निकटतम सुपरीवेक्षकले प्रत्येक महिनामा सुरक्षाकर्मिको कार्य सम्पादनका सम्वन्धमा आफ्नो राय कार्यालय प्रमुख समक्ष पेश गर्नेछ र सोको जानकारी ठेकेदारलाई गराइने छ

ञ) यो प्रस्तावको विभिन्न बुँदाहरुमा भएको प्रावधान विपरीत कार्य भएमा वा कार्य सम्पादन सन्तोषजनक नरहेमा क्षतिपूर्ति कट्टा गर्न वा भुक्तानी रोक्का गर्न वा सन्तोषजनक कार्यको अधारमा आंशिक भुक्तानी गर्न सकिनेछ ।

२५. कार्य सम्पन्न गर्नुपर्ने अवधिः

प्रस्तावसंग सेवा करार सम्झौता भै कार्यदिश दिएको मितिदेखि संझौता अनुसारको अवधि सम्म कार्य गर्नु/गराउनु पर्नेछ ।

२६. परिचयपत्र वनाउनु पर्ने :

ठेकेदार मार्फत लिमिटेडको सुरक्षा सम्वन्धी कार्यमा खटिने सुरक्षाकर्मीको वायोडाटा, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिको आधारमा कम्पनीको कामदारहरूलाई संवन्धित कम्पनीले कामदार परिचयपत्र अनिवार्य रुपमा जारी गर्नु पर्नेछ । ठेकेदारबाट नियुक्ति भएका त्यस्ता कामदारहरुलाई कार्यालय हाताभित्र प्रवेश गर्न कार्यालयले अस्थायी पासको व्यवस्था आवश्यकतानुसार गर्नेछ। उक्त सुरक्षाकर्मीहरु हटेमा वा सम्झौता अवधि समाप्त भएमा पुर्व जारी भएका पासहरु कार्यालयमा फिर्ता दाखिला गर्नु पर्नेछ ।

२७. सम्झौता तोड्न सक्नेः

देहायको अवस्थामा सम्झौता तोड्न सकिने छ ।

क) खराव आचरणः ठेकेदार वा निजले नियुक्ति गरेका सुरक्षाकर्मी वा व्यक्तिले सेवाग्रहीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यालयलाई हानी नोक्सानी हुने गरीकुनै रै रकम, उपहार वा अरु कुनै आर्थिक लाभ लिएमा त्यसलाई खराब आचरण (Misconduct) गरेको मानिने छ र सो कुरा प्रमाणित हुन गएमा सम्झौता तोड्न



रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

सकिनेछ । त्यसै गरी कार्यालयले निर्धारण गरे अनुसारको काम नगरेमा, सुरक्षाकर्मीले पालना गर्नुपर्ने अनुसुची ३ बमोजिम आचरण पालना नगरेमा संझौता तोड्न सकिने छ । तर ठेकेदारले खटाएका सुरक्षाकर्मिहरूले गरेको खराब आचरणको कारणले सम्झौता तोड्नु पर्दा ठेकेदारलाई सफाईको अवसर प्रदान गरिनेछ ।

ख) **Sub Contracting:**

ठेकेदारले सेवा करार सम्झौता गरिसकेपछि सो कार्य सवकन्ट्रयाक्टमा दिन पाइने छैन । कार्यालयमा पेश गरिएका नामावली वा पूर्व जानकारी नगराईएको व्यक्तिबाट कार्यालयको काम गराएको पाइएमा यस्तो ठेक्का तोड्न सकिनेछ र त्यस्तो व्यक्तिबाट भएको हानी नोक्सानी समेत सम्वन्धित ठेकेदारबाट क्षतिपूर्ति भराइ कारवाही गरिनेछ ।

ग) सम्झौताका शर्त अनुसारको कार्यः

यो सेवा करार सम्झौताको शर्त अनुसार काम शुरु नगरेमा वा बीचमा छाडेमा वा सेवा करार सम्झौता अनुसार काम नगरेमा सम्झौता तोड्न सकिनेछ र सोबाट लिमिटेडलाई पर्न गएको क्षति सम्वन्धित ठेकेदारबाट असुल उपर गरिनेछ ।

घ) कार्य अवधिमा ढिलाईः

सेवा करार सम्झौतामा तोकिएको कार्य समयमा सम्पन्न नगरेमा ठेकेदारलाई लिखित सूचना दिई सम्झौता तोड्न सकिनेछ । यसबाट पर्न गएको हानी नोक्सानी यो सम्झौता तथा प्रचलित कानून अनुसार ठेकेदारबाट असुल उपर गरिनेछ ।

ङ) कार्य सम्पादन सन्तोषजनक नभएमा :-

सम्झौता बमोजिम कार्य सम्पादन सन्तोषजनक नभएको लागेमा ठेकेदारलाई उपस्थित गराई छानविन गरिनेछ र कार्य विवरण अनुसार गर्नुपर्ने कार्य नगरेको वा हानी नोक्सानी भएको खन्डमा उक्त रकम ठेकेदारको विल रकमबाट कट्टा गरी असुल उपर गरिनेछ । सो कार्यबाट पर्न गएको हानी नोक्सानीको क्षतिपूर्ति ठेकेदारले व्यहोर्नु पर्नेछ । यस्तो कार्य पटक पटक भएमा सम्झौता भङ्ग गर्न सकिने छ ।

च) ठेकेदार कम्पनिबाट कार्यालयको सुरक्षामा खटिने सुरक्षाकर्मिहरूबाट निजहरूको लापरवाही एंवम प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा कार्यालयको चल/अचल सम्पत्तिको हानी नोक्सानी भएमा सोको हानी नोक्सानी सम्बन्धित ठेकेदारबाट असुल उपर गरी ठेक्का सम्झौता तोड्न सकिने छ ।

छ) ठेकेदारले कार्यालयले तोकेबमोजिमको कार्य गर्न जनशक्ति खटाउदा श्रम ऐन वा प्रचलित कानूनको पूर्ण रुपमा परिपालन हुने गरी खटाउनु पर्नेछ।सो संवन्धमा कुनै उजुरी वा दावि विरोध भएमा संवन्धित ठेकेदार जवाफदेही हुनेछ।

ज) सुरक्षाकर्मिलाई सम्झौता बमोजिमको पारिश्रमिक रकम नदिएमा वा घटी हुने गरी दिएमा, श्रम ऐन- २०७४ तथा श्रम नियमावली २०७५ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ बमोजिम पालना गर्नुपर्ने नियम तथा शर्त पालना नगरेमा वा सम्झौताका शर्तहरु बमोजिम कार्यसम्पादन नगरेमा ।

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD RAGHUGANGA HYDROPOWER LIMITED Estd.: 2017

२८. काबु बाहिरको परिस्थितिः
ठेकेदारले आफनो काबु बाहिरको कारण (जस्तै दैवी प्रकोप, वन्द, हड्ताल, भुकम्प, बाढी पहिरो, युद्ध, नाकाबन्दी, विष्फोटन, महामारी आदि) बाट कार्यालयको कार्य सम्पादनमा प्रभाव परेमा ठेकेदारले आफ्नो जिम्मेवारी पूरा नगरेको मानिने छैन तर त्यस्तो परिस्थितिको लिखित जानकारी तत्कालै कार्यालयलाई गराई कार्य सम्पादन गर्नको लागि गरिएको प्रयासका सम्वन्धमा समेत जानकारी गराउनु पर्नेछ ।

२९. सम्झौता अवधिमा मूल्य परिवर्तनः
सम्झौता अवधिमा ठेकेदारले कार्यालयको कार्यको लागि कवुल गरेको दररेटको इकाईदर (प्रति कामदार) रकममा घटबढ हुने छैन । तर परिमाणको प्रयोग वा मागको आधारमा कूल कबोल गरेको रकममा थपघट हुन सक्नेछ । यसरी परिमाणमा भएको थपघटको कारणले कबोल रकममा भएको घटबढ समेत यसै सम्झौता बमोजिम भएको मानिनेछ । ठेक्का सम्पन्न नभई कार्यान्वयनको क्रममा रहेकै अवस्थामा नेपाल सरकारले न्युनतम वेतन परिवर्तन गरी कामदारको पारिश्रमिक बृद्धि भएमा न्यूनतम वेतनमा नपुग हुने रकम इकाईदरमा वृद्धि गर्न सकिनेछ ।

३०. सम्झौताको अवधि र नवीकरणः
*यो सम्झौताको अवधि १ (एक) बर्षको हुनेछ । सेवा अवधिको कार्य सम्पादन सन्तोषजनक भएमा रघुगंगा हाइड्रोपावर लिमिटेडलाई थप आर्थिक व्ययभार नपर्ने गरी दुवै पक्षको सहमतीमा एक/एक वर्ष गरी २ वर्ष यो सम्झौताको अवधि थप/नवीकरण गर्न सकिने छ ।*

३१. कार्य सम्पादनको शिलशिलामा हुने अन्य क्षतिः
कार्यालयको कामको सिलसिलामा ठेकेदारको तर्फवाट गरिने कार्यमा कुनै पनि किसिमको क्षति हुन गई सोको क्षतिपूर्ति तेश्रो पक्ष समेतलाई तिर्नुपर्ने भएमा ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ ।

३२. कामको गुणस्तरः
ठेकेदारले आफुलाई सुम्पिएको कार्य प्रस्तावमा उल्लेख भएका शर्त अनुसार अनुभवी एवं सक्षम सुरक्षाकर्मीवाट गुणस्तरिय सेवा प्रदान गर्नु पर्नेछ ।

३३. निषेधः
ठेकेदार तथा ठेकेदारको तर्फवाट कार्यरत कामदारहरुले कार्यालयसंग सम्वन्धित कार्य गरेको आधारमा यसै कार्यालयमा काम गरि पाउन वा सुविधा र शर्तहरुको बृद्धिलाई लिएर कार्यालय कम्पाउण्ड भित्र थुन छेक, धर्ना, हडताल वा कलम बन्द गर्न पाईने छैन ।दैवी प्रकोपको अवस्थामा बाहेक अग्रिम जानकारी गराई वा नगराई वा कुनै पनि अवस्थामा कार्यालयको नियमित कार्य बन्द गर्न गराउन पाइने छैन ।

३४. अनुगमन तथा निरीक्षण सम्वन्धि व्यवस्था :
ठेकेदारको काम कार्यवाहीलाई प्रभावकारी अनुगमन गर्न प्रशासन शाखा प्रमुखलाई जिम्मेवारी तोकिनेछ । सो कर्मचारीले ठेकेदारको काम कार्यवाही सन्तोषजनक रुपमा भैरहेको छ/छैन भन्ने विषयमा यस सम्झौतामा उल्लेख भए बमोजिम बीच बीचमा छड्के वा नियमित रूपमा निरीक्षण गर्न सक्नेछ ।

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

३५. विशेषाधिकारः

सूरक्षाकर्मिको कार्य सम्पादन सन्तोषजनक नभएमा वा विना सूचना,कार्यालयमा पूरै वा आंशिक रुपमा सूरक्षाकर्मि आपूर्ति नगरेमा वा विना सूचना कार्यालयमा सूरक्षाकर्मि उपस्थित नभएमा कार्यालयले जुनसुकै बखत एकतर्फी ढङ्गवाट सम्झौता तोडी अर्को पक्षबाट कार्य गराउन सक्नेछ । यसरी कार्य गराउँदा ठेकेदारको बोल कवोल दररेट भन्दा बढी खर्च भएको फरक रकम ठेकेदारले वुझाएको परफरमेन्सवण्ड, रिटेन्सनमनी र अन्य प्रचलित कानून अनुसार असुल उपर गरिने छ । यसको जानकारी कार्यालयले ठेकेदारलाई दिनेछ । यस विषयलाई लिएर कार्यालयमा वादविवाद गर्न, काममा अवरोध गर्न पाइनेछैन ।

३६. यस सम्झौतासंग सम्बन्धित कानूनी शर्तहरुः

यस सम्झौतासंग सम्वन्धित विषयमा कुनै पनि प्रकारको विवाद भएमा प्रचलित ऐन, नियम तथा विनियम अनुसार हुनेछ ।

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

अनुसूची १

वोलपत्र कागजातको दफा नं.१० सँग सम्वन्धित)

सुरक्षाको आवश्यक न्यूनतम योग्यताः

सुरक्षा सेवामा खटिने कामदारको न्यूनतम योग्यता (कार्य अनुभव)

- साधारण लेखपढ गर्न सक्ने ।
- सुरक्षाकर्मी सैनिक सेवा, प्रहरी सेवा बाट अवकाश प्राप्त वा नेपाल सरकारको मान्यताप्राप्त संस्थाबाट सुरक्षा सम्बन्धि तालिम प्राप्त गरेको वा कुनै संस्थामा सो सम्बन्धी कार्य गरेको हुनु पर्नेछ। साथै उमेर १८ वर्ष पुरा भएको र ५५ वर्ष ननाघेको हुनुपर्नेछ।
- नेपाली नागरिक हुनु पर्दछ ।
- मानसिक सन्तुलन ठीक भएको हुनु पर्नेछ ।
- कुनै पनि किसिमको फौजदारी अभियोगमा कसूरदार प्रमाणित नभएको हुनु पर्दछ ।
- नेपाल सरकारको मान्यता प्रास अस्पताल वा नर्सिङ.होममा स्वास्थ्य परीक्षण गरी शारीरिक रुपमा तन्दुरुस्त भएको तथा नशालु पदार्थ सेवन नगरेको व्यहोरा खुल्ने सक्कल प्रमाणपत्र पेश गर्नुपर्दछ ।
- गार्ड नाइकेको हकमा नेपाली सेना, नेपाल प्रहरीको हवलदार वा सो भन्दा माथिको पदबाट अवकाश प्रास व्यक्ति हुनु पर्नेछ ।

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापितः २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

अनुसूची २

वोलपत्र कागजातको दफा नं.११ सँग सम्वन्धित

कार्य विवरण

<u>सुरक्षा सेवामा खटिने कामदारले गर्नुपर्ने कार्यहरुः</u>

(क) रघुगंगा हाइड्रोपावर लिमिटेड अर्न्तगत निर्माणाधिन राहुघाट जलविद्युत आयोजनको म्यागदी पिप्ले स्थित कार्यालय, ड्याम्प, आडित ३, पावरहाउसमा र आवश्यकता अनुसार खटाउन स्थानहरुको सूरक्षा गर्ने ।

(ख) रघुगंगा हाइड्रोपावर लिमिटेड र यर अर्न्तगत राहुघाट जलविद्युत आयोजनाका कर्मचारीहरुलाई रघुगंगा हाइड्रोपावर लिमिटेडबाट जारी भएको परिचयपत्र हेरेर मात्र कार्यालयको हाताभित्र प्रवेश गर्न दिने ।

(ग) रघुगंगा हाइड्रोपावर लिमिटेड र यस अर्न्तगत राहुघाट जलविद्युत आयोजना बाहिरका अन्य व्यक्तिहरुलाई कार्यालयभित्र प्रवेश गर्न नदिने । तर कार्यालयको कामको सिलसिलामा आउने व्यक्तिलाई सम्वन्धित कर्मचारी तथा शाखा/महाशाखा/विभागको पदाधिकारी संग यकिन गरी रजिष्टरमा निजको नाम, ठेगाना, भेट्न आएको कर्मचारी/कार्यालयको नाम, सम्पर्क नम्बर तथा आएको समय तथा हस्ताक्षर आदि स्पष्टसंग लेखेर मात्र कार्यालयमा प्रवेश गर्न दिने र निज व्यक्ति कार्यालय वाहिर निस्केपछि निस्केको समय समेत रजिस्टरमा स्पष्ट उल्लेख गरी हस्ताक्षर गराउने ।

(घ) रघुगंगा हाइड्रोपावर लिमिटेड र यस अर्न्तगत राहुघाट जलविद्युत आयोजनाका तथा इमर्जेन्सी सेवाका एम्वुलेन्स दमकल आदि बाहेक अन्य कार्यालय वा व्यक्तिहरुका सवारी साधनहरु अधिकार प्राप्त अधिकारीको स्वीकृति विना प्रवेश गर्न नदिने ।

(ङ) विभिन्न ठेकेदार, ठेकेदारका कर्मचारीहरु र सप्लायर्सहरुलाई लिमिटेडबाट दिईएको अस्थायी गेटपास हेरी रजिष्टरमा लेखेर मात्र प्रवेश गर्न दिने ।

(च) पत्रकारहरु, संघ संस्थाका कर्मचारीहरु र कार्यकारी निर्देशक वा उच्च अधिकृतहरुलाई भेटन आउने व्यक्तिहरुलाई परिचय पत्र हेरी रजिष्टरमा जनाई मात्र प्रवेश गर्न दिने ।

(छ) कार्यालय तथा स्टोर भित्र कुनै सामान स्टोर गर्न ल्याएमा अधिकार प्राप्त अधिकारीको स्वीकृति लिएर मात्र राख्न दिने । कार्यालय वा स्टोर भित्रको कुनै सामान स्वीकृत गेट पास विना उठाउन वा वाहिर लान नदिने । मर्मत गर्नका लागि लगिएका सामान वा उपकरणहरु गेट पास अनुसारका सामान भए/नभएको एकिन गरी मात्र बाहिर जान दिने ।

(ज) कुनै पनि सवारी साधन कार्यालय तथा स्टोर क्षेत्रभित्र पसेको र बाहिर निक्लेको समय टिप्ने तथा गाडीमा रहेका सामानको निरीक्षण गर्ने र गेटपासमा उल्लेखित सामान बाहेक अन्य सामान बाहिर लान नदिने ।

(झ) कार्यालय तथा स्टोर क्षेत्रमा रहेका उपकरणहरु तथा सामानहरुको सुरक्षा गर्ने ।

(ञ) मूल ढोका खोल्ने र बन्द गर्ने ।

(ट) कार्यालयहरुमा राउण्ड लगाउने र कार्यालय भित्रका सम्पूर्ण सामानको जिम्मेवारी पूर्वक सुरक्षा गर्ने

(ठ) अघिल्लो दिनमा भए गरेको कार्यहरु, घटना सम्बन्धि विवरण भोलिपल्ट विहान ११.०० बजे सम्वन्धित कार्यालयलाई जानकारी गराउने ।

(ड) कार्यालय हाता भित्रका सवारी साधनहरुको उचित पार्किङ्गको व्यवस्थामा सहजीकरण गर्ने ।

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHPL Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

(ढ) कार्यालय समय पश्चात सम्पूर्ण कार्यालयका कोठाहरुको ढोका बन्द भए/नभएको हेरी बन्द नभएको भए बन्द गर्नुपर्ने । आफ्नो सिफ्टमा भएका कार्य र तोकिएको कार्य सम्पन्न नहुदै सिफ्ट परिवर्तन भएमा सो सम्बन्धी सिफ्ट इन्चार्जलाई ड्युटी चार्ट बुझाउनु पर्नेछ ।

(ण) सुपरभाइजरले खटिएका सुरक्षाकर्मीहरुले सम्झौता अनुसारको कार्य गरे नगरेको निगरानी राख्नुपर्ने तथा केही समस्या तथा जानकारी प्राप्त हुनसाथ तुरुन्त सम्वन्धित कार्यालयमा आई तोकिएको अधिकृतलाई सो सम्बन्धमा जानकारी गराउने ।

(त) कार्यालय हाता भित्र वा बाहिर कुनै गैर कानुनी वा अप्रिय घटना भएमा वा हुने पूर्व जानकारी प्राप्त भएमा तत्काल सम्वन्धित कार्यालयलाई जानकारी गराउने र प्राप्त निर्देशन अनुसार नजिकको प्रहरी कार्यालयमा समेत जानकारी गराउने ।

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHPL Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

अनुसूची ३

बोलपत्र कागजातको दफा नं.२७(क) सँग सम्वन्धित

सुरक्षासेवामा खटिने कामदारले पालना गर्नु पर्ने आचरण

(क) रघुगंगा हाइड्रोपावर लिमिटेड र यस अर्न्तगत राहुघाट जलविद्युत आयोजनाको काममा कुनै प्रकारको प्रतिकुल असर पर्ने गरी दान, उपहार, चन्दा, वा आर्थिक सहायता लिन नहुने ।

(ख) समयको सही पालना र तोकिएको कार्यमा नियमितता हुनुपर्ने ।

(ग) राजनितिक दलहरूले संचालन गरेको राजनैतिक क्रियाकलापमा सहभागी हुन नपाईने ।

(घ) कुनै किसिमको प्रदशर्न र हड्ताल तथा थुनछेक र घेराउ गर्न नपाइने ।

(ङ) कार्यालयमा रहदा अनुशासनको पालना तथा आज्ञापालन गर्नु पर्न ।

(च) रघुगंगा हाइड्रोपावर लिमिटेड हित विरूद्ध हुने कुनै कार्य गर्न नहुने ।

(छ) सुरक्षाकर्मीले कार्यालयको हाता भित्र डयूटीमा रहदा वा नरहदा मादक पदार्थ सेवन गर्न नहुने ।

(चाडपर्व खर्च कार्यरत कामदारलाई एक बर्षमा एक पटक मात्र उपलब्ध गराइने छ, उक्त रकम ठेकेदारले कामदारलाई दिएको प्रमाणको आधारमा उपलब्ध गराइने छ । चाडपर्व रकम उपलब्ध गराइसकेको अवस्थामा कुनै कारण ठेक्का सम्झौता रद्द गर्नु परेमा सो रकम दामाशाहीको हिसाबमा रघुगंगा हाइड्रोपावर लिमिटेडलाई ठेकेदारले उपलब्ध गराउनु पर्नेछ । साथै एक बर्षको अवधिमा कामदार परिवर्तन भई निजले सो रकम दाबी गरेमा उक्त अवधिको चाडपर्व रकम रघुगंगा हाइड्रोपावर लिमिटेडको दायित्व हुने छैन ।)

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD RAGHUGANGA HYDROPOWER LIMITED Estd.: 2017

(अनुसूची ४)

# रघुगंगा हाइड्रोपावर लिमिटेड

## राहुघाट जलविद्युत आयोजना

| क्र.स | श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ | शीर्षक | मासिक रकम रु | | | |
|---|---|---|---|---|---|---|
| | | जनसक्ति संख्या | मासिक रकम रु | १२ जना सुरक्षा गार्डको रकम | कुल जम्मा वार्षिक रकम रु | कैफियत |
| क | | पारिश्रमिक | | | | |
| १ | | पारिश्रमिक प्रति जनशक्ति | | | | |
| २ | | परिश्रमिक प्रति जनशक्ति x जनशक्ति शंख्या | | | | |
| | | जम्मा (क) | | | | |
| ख | | सुबिधा | | | | |
| १ | दफा ५२ | संचयकोष (आधारभुत पारिश्रमिक को १० % रोजगार दाताले थप गर्नु पर्ने) | | | | |
| २ | दफा ५३ | उपदान (रोजगारदाताले आधारभुत पारिश्रमिकको ८.३३ % थप गर्नु पर्ने) | | | | |
| ३ | दफा ५४ र दफा ५५ | सामाजिक सुरक्षा कोषमा योगदान (आधारभुत पारिश्रमिकको १.६७ % थप गर्नु पर्ने) | | | | औषधी उपचार विमा, दुर्घटना विमा समेत समेटने |
| ४ | दफा ४३ र दफा ४९ (२) | घर विदा (काम गरेको अवधिको २० दिनको १ दिनका दरले) वार्षिक १८ दिन पारिश्रमिक | | | | सेवामा नरहेमा निजले खाईपाई आएको पछिल्लो पारिश्रमिक रकमका दरले |
| ५ | दफा ४४ | विरामी विदा (वार्षिक १२ दिन पारिश्रमिक) | | | | |

रघुगंगा हाइड्रोपावर लिमिटेड स्थापित: २०७३ RGHP LTD Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | दफा ३७ | चाडपर्व खर्च (प्रतेक वर्ष १ महिनाको पारिश्रमिक रकम वरावर) | | | | |
| | | **जम्मा (ख)** | | | | |
| **ग** | | **थप सुविधा (दैनिक ८ घण्टा कार्य गर्ने)** | | | | रोजगार दाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभुत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ । |
| १ | दफा ४०, दफा ३०, दफा ३१ र नियम २० | साप्ताहिक विदा वार्षिक ५२ दिनको थप रकम | | | | |
| २ | दफा ४१ दफा ३० र दफा ३१ | वार्षिक १३ दिन सार्वजनिक विदा वापत रकम | | | | |
| | | **जम्मा (ग)** | | | | |
| **घ** | | **जम्मा (क+ख+ग)** | | | | |
| ङ | | **ठेकेदारको ओभरहेड १५ %** | | | | |
| **च** | | **जम्मा (घ + ङ)** | | | | |
| **छ** | | **मूल्य अभिवृद्धि कर १३ %** | | | | |
| **ज** | | **कुल** कुल कबोल रकम **(च+छ)** | | | | |
| | | कुल कबोल रकम अक्षरमा | | | | |

नोट : नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, मिनभवन काठमाण्डौद्वारा जारी गरेको मिति २०८२।०४।०५ को सुचनालाई आधारमानि उल्लेखित आईटमहरुमा अनिवार्य रुपमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

मिति:

बोलपत्रदाताको नाम : सही/छाप:

ठेगाना:

रघुगंगा हाइड्रोपावर लिमिटेड RGHP LTD स्थापित: २०७३ Estd.: 2017 RAGHUGANGA HYDROPOWER LIMITED